डिलासैनी गाउँसभाको बैठकमा २०८० साल आषाढ १० गते

आइतबार

सन्तोष प्रकाश जोशी ज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

डिलासैनी गाउँपालिका

## सभाका आदरणीय सदस्य ज्यूहरु तथा अतिथी महानुभावहरु,

डिलासैनी गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, बहुक्षेत्रीय पोषण योजना, नेपाल सरकारको पन्ध्रौ योजना, योजना तर्जुमा दिगदर्शन २०७४(परिमार्जित), संघीय/प्रदेश सरकारका मार्ग दर्शन तथा प्रथमिकताहरु, केन्द्रीय तथ्याङ्क विभागका प्रतिवेदन, अन्तराष्ट्रिय सन्धी, सम्झौता, सामाजिक न्याय, संवैधानिक निकायका रुपमा रहेका राष्ट्रिय योजना आयोग लगायत विभिन्न आयोगहरुको प्रतिवेदनहरु, राष्ट्रिय गापा महासंघका दस्तावेजहरु तथा यस गाउँपालिकाको आवश्यकता समेतलाई आधार मानि कतिपय कानुनी अस्पष्टता, जटिलताका साथै सिमित श्रोत साधनका बावजुत यस गाउँपालिका बासी आमाबुवा, दाजुभाई दिदीबहिनीहरुले व्यक्त गरेका ईच्छा, चाहनाहरु र समग्र पालिकाको आवस्यकता विशिष्टता, कार्य बोझ र विशेष जिम्मेवारी, राजस्व तथा कोषहरुको सिमितता समेतको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, अखण्डता, राष्ट्र हित, स्वाभिमान लोकतन्त्र जनजीविकाका लागि भएका सम्पूर्ण अधिकारवादी आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रर्द्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गरी सामाजिक र आर्थिक रुपान्तरणका लागि योगदान पुऱ्याउनु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छौ ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

हामीले विगतका बर्षहरुमा हासिल गरेका अनुभवका आधारमा हामीमाझ व्याप्त समस्याहरुलाइ न्युनिकरण गरी विकास र समृद्धीका लागि अझै एकजुट भएर अहोरात्र खटिनुपर्ने अवस्था छ । हामीसंग प्रसस्त अवसरहरु छन अवसर संगै समस्या र चुनौती पनि थपिएका छन । डिलासैनी गाँउपालिकालाइ कसरी देशकै नमुना गाँउपालिका बनाउन सकिन्छ भन्ने तर्फ सम्पूर्ण डिलासैनी परिवार सदैव दृढतापूर्वक सक्रिय छ । अधिकार र विकासका नयाँ आयामहरुको प्राप्त सँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र डिलासैनी गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफू र यस सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियन्ताहरु, स्वदेश तथा विदेशबाट उर्जा, जोश, जागर, अनुभव हस्तान्तरण गर्नु हुने शुभेच्छुकहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, पत्रकार, समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्य तथा अतिथि महानुभावहरु,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको अन्त्यमा डिलासैनी गाउँपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गरेको हुने छ ।

**क) आर्थिक विकास**

**<u>१.कृषि</u>**

१. एक वडा एक उत्पादन क्षेत्रको अवधारणा ल्याइनेछ ।

२. एक टोल एक सामूहिक कृषि उत्पादनको नीति ल्याइनेछ ।

३. नवप्रवर्धनमा आधारित उद्यम जस्तै मह, कफि, अमला, अचार, मालुका पातमा बेरेको गुड आदिमा प्रोत्साहन दिइनेछ ।

४. किसानसँग कृषि प्राविधिक कार्यकम अन्तरगत कृषि/पशु सेवाका कर्मचारीहरुलाई एक वडा एक कृषि वा पशु प्राविधिक संचालन गरि कृषि र पशु क्षेत्रमा -तरकारी, फलफूल, दुध, अण्डा, माछा मासु र रैथाने जातका अन्न पशुपन्छीका क्षेत्रमा कृषकहरुलाई आत्मानिर्भर बनाउने नीति ल्याइनेछ ।

५. कृषक समूह, व्यवसायिक कृषक, कृषि/पशु फर्म र समितिहरुलाई कृषि सम्बन्धि तालिम, गोष्ठी, भ्रमणमा सहभागी गराई क्षमतामा अभिवृद्धि गरिने छ ।

६. किसानहरुलाई मल, सिजन अनुसार बिउ, रोगका आधारमा औषधी, मौसम/वातावरण र माटो सुहाउँदो फलफूलका विरुवाहरु, भुई घाँस, डाले घाँस, प्रजननका लागि उन्नत बोका, राँगा किसानहरुलाई उपलब्ध गराई उत्पादनमा बृद्धि गरि पोषणका साथै जिविकोपार्जनमा सुधार गरिने छ ।

७. "उत्पादन साथमा अनुदान हातमा" भन्ने नाराका साथ व्यवसायिक कृषक, फर्म, समूह समिति, र कृषि सहकारीहरुलाई उत्पादनका आधारमा अनुदान र सहुलियतपूर्ण ऋण कार्यक्रमहरु, स्थायी पोलि हाउस, बीउ, कृषि औजार तथा यान्त्रीकरण, डेरी उद्योग, कटिङ्ग सेन्टर र कृषि तथा पशु पशुपन्छि विमा जस्ता कार्यक्रमहरुलाई टेवा दिई अनुदान उपलब्ध गराईने छ ।

डिलासैनी गाउँपालिका

८. उन्नत तरकारिको मिनिकिट बीउ (वर्षे, हिउँदे र सुख्खा) तीन वटै सिजनका बीउ, किट नाशक र रोग नासक विषादिहरु, पशु सम्बन्धि औषधि र विभिन्न किसिमका महामारी रोगहरका खोपहरु निःशुल्क उपलब्ध गराईने छ ।

९. कृषि र पशु पालन सम्बन्धि प्राविधिक सुझाव र सल्लाहहरु कृषक समूह, समिति कृषि तथा पशु पन्छि फर्म र कृषि सहकारीमा घुम्ती शिविर संचलान गरि सेवा प्रभाव गरिने छ ।

१०. गोकुलश्वर कृषि तथा पशु विज्ञान कलेज र श्री सेटीगाउँ मा.वि.सँगको सहकार्यमा खेतीयोग्य जमिनको माटो परीक्षण, कृषि पाठशाला एवम कृषि सम्बद्ध तालिम, अध्ययन, अनुसन्धान गरिनेछ ।

११. कृत्रिम गर्भाधान(AI) प्रविधि मार्फत उन्नत पशु प्रजनन सेवा प्रारम्भ गरिनेछ ।

१२. कृषिमा यान्त्रिकरण तथा आधुनिकीकरणका साथै अर्गानिक कृषि उपज उत्पादन ब्रान्डिङ तथा बजारीकरणमा जोड दिइनेछ ।

१३. कृषि व्यवसायी र डिलासैनी सरकारको संयुक्त आयोजनामा संचालित एक नमूना कृषि नर्सरीको संचालनलाई थप प्रभावकारी विश्वसनीय बनाईदै लगिनेछ ।

१४. हाम्रो जमीन, हाम्रो लगानी र हाम्रो श्रम रहन दिने छैनौं कतै बाँझो जमीन, भन्ने नाराका साथ सार्वजनिक तथा निजि उर्वर जमिनको लगत संकलन र नक्सांकन गरी माटो सुहाउँदो फलफुल, दलहन, तेलहन उत्पादनमा जोड दिइनेछ ।

१५. जमाडीगाड, गन्नीगाड र चौलानी नदी किनारमा संभाव्यता अध्ययनबाट प्राप्त प्रतिवेदनका आधारमा व्यवसायिक मछ्यपालन कार्यका लागि कृषकहरुलाई प्रात्साहन गर्ने कार्यक्रम संचालनमा ल्याइनेछ ।

१६. गाउँपालिका क्षेत्रभित्र स्थापना भएका संकलन केन्द्रहरुलाई नियमानुसार पालिका मातहत ल्याई सञ्चालनमा ल्याइनेछ ।

१७. व्यवसायिक किसानहरुको तथ्याङ्क संकलन गरि किसान परिचयपत्र वितरणका साथै वित्तीय संस्था मार्फत अनुदान एवम् सहुलियतपूर्ण कर्जाका लागि ग्राहयता दिइनेछ ।

१८. खाद्य सामग्रीको उत्पादनमा वृद्धि गरि आयातलाई न्यूनीकरण गर्ने नीति ल्याइनेछ ।

१९. किसानमैत्री कृषि पुस्तकालय संचालनमा ल्याइनेछ ।

२०. भर्मि कम्पोष्ट मल प्रति किसानलाई प्रोत्साहन गरिनेछ ।

२१. शितगृह निर्माका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२२. भू उपयोग योजना अनुसार एकिकृत बस्ति विकास गर्ने ।

२३. प्रांगारिक मल संकलन उत्पादन र प्रयोगमा जोड दिइनेछ र क्षेत्र निर्धारण गरि ओर्गानिक र खाद्य पदार्थ प्रमाणिकरण कार्य शुरु गरिनेछ ।

२४. रैथानेमा गर्व गरौं नारालाई आत्मसाथ गर्ने नीति ल्याइनेछ ।

२५. आत्मनिर्भर अर्थतन्त्रको आधार, स्वदेशमै उत्पादन र रोजगार नारालाई व्यवहारमा ल्याइनेछ ।

२६. Herbal Plants औषधिजन्य जडिबुटी र बोटबिरुवा को व्यवसायिकरण गर्ने नीति ल्याइनेछ ।

२७. अनुसन्धान तथा तालिम केन्द्र स्थापना गरिनेछ ।

२८. कृषि मेला आयोजना गरिनेछ ।

२९. हाट बजारको व्यवस्थापन गर्ने नीति ल्याइनेछ ।

३०. राष्ट्रिय फुल लालिगुराँसको उत्पादन पारिचालन तथा अनुसंन्धान कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३१. सामुदायिक तथा निजि वन विकास कार्यक्रम मार्फत लोकल कुखुरा कालिज हरिण जरायो पालन आदि कार्य संचालन गरिनेछ।

३२. औषधीजन्य जडीबुटि र बहुमूल्य वनस्पतिको संस्थागत विकास गर्ने नीति ल्याइनेछ ।

३३. दुना टपरी - सालको पातको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३४. दलहन प्रवर्द्धन कार्यक्रम (मास भटमास मसुर गहत) संचालन गरिनेछ ।

३५. तेलहन बाली (तोरी, सरस्यु, चिउरी आदि)प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३६. मसला बाली(अदुवा, लसुन, बेसार, टिमुर, अलैंची, प्याज, धनियां, डल्लेखुर्सानी, दालचिनी, कफि, चिया बगान विकास आदि) प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३७. अमला खेती कार्यक्रम संचालन गरिनेछ ।

३८. मौरीपालन पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।

३९. कुकुरपालन (सेतो जातको जपनीज स्पीश भोटे जर्मनसेफर्ड आदि) को व्यवसायिकरण गर्दै उद्यमीलाई प्रोत्साहन गरिनेछ ।

४०. प्रयोगशालाका लागि आवश्यक औजार उपकरण केमिकल खरिद गरि आरन सुधारका साथै कृषि यान्त्रिकरण कार्यक्रम संचालन गरिनेछ ।

४१. डिलासैनी गाउँपालिकालाई Fruits Garden Kingdom को रुपमा Branding गर्ने नीति ल्याइनेछ ।

**२.सिचाँई**

१. कृषि उत्पादकत्व बृद्धिमा सहयोग पुऱ्याउन सिचाँई नपुगेका खेतवारीलाई लक्षित गरी साना सिचाँई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

२. कृषि योग्य जमिनहरु तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानीलाई उपयोग गरिनेछ ।

३. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी विद्युत तथा सोलारबाट सञ्चालन हुने गरि लिफ्ट सिचाँइलाई विशेष जोड दिइनेछ ।

४. प्रदेश वा संघबाट सञ्चालित कृषि पकेट क्षेत्रहरुमा सिचाँईको उचित व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

५. प्रदेश वा संघबाट संचालन हुने सिचाँई आयोजनाको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषणमा पालिकाको प्रत्यक्ष नियन्त्रण राखी गुणस्तर निर्धारणमा जोड दिइनेछ ।

**३. पशुपंक्षी तर्फ**

१. गाउँपालिका क्षेत्र भित्र स्थानीय सम्भाव्यताका आधारमा कुखुरापालन, कालिजपालन, भैंसीपलन, माछापालन, कुकुरपालन लगायतका व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गरिनेछ ।

२. वडा तथा पालिकालाई पशुपन्छी जन्य उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक नीति अबलम्वन गरिनेछ ।

डिलासैनी गाउँपालिका

३. Commercial Farming/Livestock कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४. कृषि तथा पशुजन्य व्यवसायमा युवाका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गरिनेछ ।

**४.बैंक तथा सहकारी**

१. वित्तीय संस्थाऽसहकारी युवा उद्यमी र बैंकसँग सहुलियतपूर्ण कर्जाका लागि त्रीपक्षीय सहमति गरि सहलगानीमा घुम्ती वित्तीय कोष संचालन गर्न विशेष स्वरोजगार कोष स्थापना गरिनेछ ।

२. शाखा रहित बैंक मार्फत प्रवाह हुने सेवालाई प्रभावकारी बनाउने नीति ल्याइनेछ।

३. कुमारी बैंकको शाखा गापाको प्रमुख प्रशासकीय भवन परिसरमा रहने व्यवस्था गरिनेछ ।

४. प्रत्येक वडामा कम्तीमा एक/एक वटा ऋण तथा बचत र बहुउद्धेश्यि सहकारी स्थापना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५. युवा उद्यमीका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६. राजस्व चुहावट रोक्न व्यवसायीहरुलाई विद्युतीय उपकरण प्रयोगमा प्रोत्साहित गर्ने नीति ल्याईनेछ ।

७. हरेक आर्थिक कारोबार वित्तिय संस्था मार्फत गर्ने नीति ल्याइनेछ ।

८. आम्दानी तथा बचत गर्ने बानीको विकास गर्न स्वदेशी उत्पादन प्रयोग गर्न आर्थिक रुपमा मितव्ययी गराउने नीति ल्याइनेछ ।

**५. उद्योग/बाणिज्य/आपूर्ति**

१. गाउँपालिका स्तरीय उद्योग ग्राम खोल्न आवश्यक पहल गरिनेछ।

२. उत्पादित जलविद्युत परिचालन, व्यवस्थापन, नियमन, संरक्षण र उपयोग गरी बचत विद्युत विद्युत प्राधिकरणलाई बेच्ने प्रवन्ध गर्न पालिकाले समन्वय गर्नेछ।

शिवालय गाउँपालिका

३. १ वडा १ उत्पादनका लागि प्रति वडा ५ जनालाई SYB/GYB & Strength Your Business का लागि विशेष प्याकेजको व्यवस्था(Product Production, Branding , Value Add, Markting, Soft Loan etc.) गरिनेछ ।

४. दैनिक उपभोग्य वस्तु जस्तैःसाबुन, सोडा, मैनबत्ती, अगरबत्ती तथा सामाजिक, सांस्कृतिक कार्यमा जस्तैः जनै, दुबधागो, दुना टपरी आदि आवश्यक पर्ने वस्तु उत्पादनका लागि प्रोत्साहन गर्ने नीति ल्याइनेछ ।

५. चौमासिक कार्यतालिका बनाई सीपमूलक तालिम संचालन गरिनेछ ।

६. स्वदेशमै कान गर्न चाहने श्रममा विश्वास र सम्मान गर्ने उद्यमीका लागि Hair cutting, Mobile Repairing, Cooking, Waiter, Hotel Management, Automobiles आदि तालिम संचालन गरिनेछ ।

## ६. पर्यटन/संस्कृति

१. गाउँपालिका भित्र पर्यटकीय सम्भावना बोकेका ७ वटै वडामा धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरुको संरक्षण सम्बर्द्धन गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२. मसानघाट सुधार तथा व्यवस्थापनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

३. धामीझाँकी, ज्योतिष पण्डितहरुसँगको सहकार्यमा सामाजिक रुपान्तरण तथा लोककल्याणकारी राज्य निर्माण गर्न प्रतिष्ठीत धार्मिक, सामाजिक व्यक्तिहरुको सञ्जाल निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

४. देउझाडी धार्मिक पर्यटन विकास कार्यक्रम संचालन गरिनेछ ।

५. दमाहा बाजा प्रवर्द्धन कार्यक्रम अन्तरगत दमाहा बाजा प्रतियोगिता आयोजना गरिनेछ ।

६. चर्मण्यावती साहित्य सम्मेलन कार्यक्रम संचालन गरिनेछ । स्वदेशी तथा विदेशी साहित्य सर्जकहरु मार्फत कला धर्म संस्कृति संस्कार सभ्यताको आदानप्रदान गरिनेछ ।

७. बझाङ्गको खप्तड र दार्चुलाको अपि हिमाल सम्म जाने बेश क्याम्पका रुपमा डिलासैनीलाई विकास गरिनेछ ।

८. सबैभन्दा अग्लो क्षेत्र मज्युने(झले) डाँफे र मुनाल पाईने तथा लोपोन्मुख एवम् संरक्षीत वनस्पति पाईने महत्वपूर्ण क्षेत्र घोषणा गरि उपयुक्त कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

९. दोगडाकेदारको सिमाना धौलीढुङ्गा र पन्ज्युनयाँ, शैल्याशिखरको गोकुलेश्वर, बुंगलको गनैखान, मार्मा दार्चुलाको दुनी र शैल्यशिखरको बलाँचमा विशेष गेट निर्माण गर्ने र उक्त क्षेत्रमा विकास साझेदारीका लागि आवश्यक पहल गर्ने ।

१०. देउझाडी, खुमट र डिलासैनी भगवतीको धार्मिक तथा सांस्कृतिक महत्व झल्कने कार्यक्रम संचालन गरिनेछ ।

**ख) वातावरण तथा विपद् व्यवस्थापन**

**१.वन**

१. अमूल्य वृक्षारोपण कार्यकम कार्यान्वयन गरिनेछ ।

२. राष्ट्रिय फूल लाँलिगुराँस वन संरक्षण तथा अनुसन्धान कार्य अगाडि बढाइनेछ ।

३. वन फडानी र वन डढेलो निरुसाहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिईनेछ ।

४. वनमारा जस्ता वनलाई हानी पुऱ्याउने वनस्पति तथा पुराना रुख, काठ हटाई बहुमूल्य बिरुवा वृक्षारोपण तर्फ ध्यान दिईनेछ ।

५. सामुदायिक वन तथा निजी वन दर्ता, नविकरण र व्यवस्थापन कार्यलाई प्रोत्साहन गरिनेछ ।

६. वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धि विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।

७. गाउँपालिका भित्रका भूक्षय प्रभावित क्षेत्रहरुको अध्ययन गरि संघ तथा प्रदेश सरकारको सहयोगमा उक्त क्षेत्रको संरक्षण गर्ने नीति ल्याइनेछ ।

८. नाङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने वन क्षेत्रमा उपलब्ध हुने विभिन्न प्रजातिका रुख बिरुवा एंव जडीबुटी, फलफूललाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउन पहल गरिनेछ ।

९. पिल्कनदह देखि झुलाघाट सम्मको करिब ११० किमि चमल्यौगाड सँग प्रत्यक्ष सरोकार राख्ने अपि हिमाल मार्मा शैल्याशिखर दोगडाकेदार लेकम दशरथचन्दसँग चौलानी नदी सभ्यता अभियानका लागि

डिलासैनी गाउँपालिका

नदी शुद्धता वातावरणरफोहोरमैला सरसफाई तथा मसानघाट सुधारका लागि विशेष कार्यक्रम संचालन गर्ने नीति ल्याइनेछ।

**२.वातावरण**

१. प्राकृतिक वातावरण संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ।

२. हरेक वर्ष जेष्ठ शुक्ल दशमी गंगादशराका दिन चर्मण्यावती दिवस पालिकाबाट घोषणा गरी नदी दिवसका रुपमा मनाइनेछ।

३. नदी तथा खानीजजन्य पदार्थको उत्पादन अन्तरगत पानी, ढुङ्गा, गिट्टी, बालुवा, खनिज लगायतको वस्तुलाई दिगो विकासमा असर नपर्ने गरि पर्यावरणीय अध्ययनका आधारमा मात्र उपयोग तथा उपभोग गर्ने नीति ल्याइनेछ।

४. भौतिक पूर्वाधार संरचनाहरुको निर्माण गर्दा वातावरणीय पूर्व अध्ययन मूल्याङ्कन(IEE/EIA) अनुसार मात्र गरिनेछ।

५. बाङ्गाबगर, देवगाउँ, जुकानीको पहिरो नजिकको प्रभावित क्षेत्रमा विशेष समुदाय सुरक्षा कार्यक्रम संचालन गरिनेछ ।

**३.फोहोरमैला व्यवस्थापन**

१. गाउँपालिका अन्तरगतका मुख्य बजारहरुमा सार्वजनिक शौचालय र डस्टबिनहरुको व्यवस्थापन गरिनेछ।

२. प्लाष्टिकजन्य फोहोरमैला व्यवस्थापनका लागि टोल विकास संस्था, युवा क्लबसँगको सहकार्यमा फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३. नदी तथा खोलामा अव्यवस्थित रुपमा फालिने ढलहरुको निकासको व्यवस्थापन गरिनेछ।

४. स्वच्छ चौलानी सभ्याता अभियान कार्यक्रम संचालन गरिनेछ।

५. Dumping site selection गरि DPR तयार गरिनेछ ।

**४.विपद् व्यवस्थापन**

१. विपद् व्यवस्थापन(Disaster Managemnet) Training First Aid Trainng युवाहरु लक्षित गरि संचालन गरिनेछ।

२. विभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, भूकम्प जस्ता विपद्हरुमा परेकोहरुका लागि तत्काल आवश्यक सहयोगका लागि रेडक्रस रोसाइटी, स्काउट जस्ता स्वयंसेवकीय संघसंस्थाहरुसँग समन्वय र सहकार्यमा तत्काल उद्दार तथा राहत उपलब्ध गराउने नीति लिईनेछ ।

३. प्रहरी चौकी स्वास्थ्य कार्यालय र विद्यालयहरुमा विपद् व्यवस्थापन सम्बन्धि आवश्यक सामग्री उपलब्ध गराउँदै लाने नीति ल्याइनेछ ।

४. रेडक्रसको पालिका स्तरीय उपशाखा स्थापना गर्न आवश्यक कार्य गरिनेछ ।

**ग) सामाजिक क्षेत्र**

**१.शिक्षा**

१. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको संगठन सर्वक्षण गरि दरबन्दी मिलान र समायानुकुल समायोजन गर्न शिक्षक सेवा आयोग कै प्रकृया अनुसार योग्यताक्रमका आधारमा उत्कृष्टता हासिल गर्ने कर्मचारी तथा शिक्षकको भर्ना छनौट तथा पदस्थापना गर्ने कार्य कार्यान्वयन गरिनेछ ।

२. सामुदायकि विद्यालयका सबै शिक्षकहरुलाई विषयगत पाठ्यक्रम अध्यापन गराउन पेशागत दक्षता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

३. सामुदायिक माध्यमिक विद्यालय सवलीकरण अन्तरगत विद्यागर्थीसँग स्वास्थ्यकर्मी कार्यक्रमको सुरुवात गरिनेछ ।

४. शैक्षिक क्यालेन्डर निर्माण गरि सञ्चालनमा ल्याइनेछ ।

५. पढ्दै कमाउदै कार्यक्रम अन्तरगत शिक्षालयहरुलाई उद्यमशालाको रुपमा विकास गर्दै लगिने नीति अबलम्बन गरिनेछ ।

६. प्रत्येक हप्ताको शुक्रबार बहुआयामिक प्रतिभा पहिचानका लागि अतिरिक्त तथा सृजनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ ।

७. अन्तर विद्यालयहरुको प्रतिस्पर्धाको माध्यमबाट प्रत्येक विधाबाट उर्त्कष्ट समूहलाई गाउँपालिका स्तरिय रचनात्मक समूहको रुपमा निर्माण गर्ने नीति लिइनेछ ।

८. सामुदायिक विद्यालयहरु मध्ये कम्तीमा एउटा माध्यमिक विद्यालयलाई प्राविधिक विद्यालयको रुपमा विकास गर्ने नीति लिईनेछ ।

९. विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा कक्षा छाड्ने बालबालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल गर्ने नीति लिईनेछ ।

१०. सुविधा सम्पन्न पालिका स्तरिय सार्वजनिक पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।

११. विद्यालय स्तरिय परीक्षालाई बैज्ञानिक र मार्यादित ढङ्गले सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

१२. स्थानीय पाठ्यक्रमलाई समायानुकुल परिमार्जन गर्दै पाक शिक्षा तथा नैतिक शिक्षाका विषयहरु समाविष्ट गर्ने नीति अघि सारिनेछ ।

१३. गरिब विपन्न तथा जेहेन्दार विद्यार्थीहरु मध्ये प्रतिस्प्रर्धाको आधारमा प्रत्येक वडाबाट एक जनालाई प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह पढ्न पूर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ । साथै डिलासैनी गापा स्थायी बसोबास भएका मध्येबाट IOM वा Medical Entrance Exam परीक्षा उत्तीर्ण गरेका उत्कृष्ट विद्यार्थीहरुको योग्यताक्रमका आधारमा छनौट भएका उम्मेदवारलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरि कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

१४. प्रत्येक वर्ष गाउँपालिका अन्तरगतको सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षकलाई सम्मान गरिनेछ ।

१५. Physics, Chemistry and Biology Teahcer हरुलाई Equipment hanlding, Proposal Writing, Scientific Writing, Report Writing , Computer Programming, Smart Teaching जस्ता कार्यक्रमहरु संचालन गर्ने नीति ल्याईनेछ ।

१६. डिलासैनी गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुमा Karkhana सँगको समन्वयमा STEAM कार्यक्रम निरन्तरता प्रदान गरी प्रभावकारी कार्यान्वयन गर्ने र STEAM कार्यक्रम संचालन भएको विद्यालयहरुमा Robotics तथा Makers Space कार्यक्रम संचालन गरिनेछ ।

१७. विद्यार्थीको नियमित परीक्षा संचालन तथा मूल्याङ्कनमा कडाई गर्ने र प्रत्येक शैक्षिक सत्रमा शिक्षकहरुको समेत मूल्याङ्कन गर्ने नीति अवलम्बन गरिनेछ ।

डिलासैनी गाउँपालिका

१८. समयसापेक्ष रुपमा शिक्षक कर्मचारीहरुको सेवा सुविधा बृद्धि गरि कार्यान्वयन गरिनेछ ।

१९. गुणस्तरीय शिक्षा विद्यालय व्यवस्थापन समितिमा सकारात्मक रुपान्तरण र शिक्षक सशक्तिकारणका लागि School Transformtion for Progressive Education & Teacher Empowerment Program कार्यक्रम संचालन गरिनेछ ।

२०. विज्ञान प्रविधि, इन्जिनियरिङ तथा गणित(STEM) सामुदायिक विद्यालयहरुमा प्रयोगात्मक ज्ञानका लागि कार्यकम संचालनमा ल्याइनेछ ।

२१. सामुदायिक अध्ययन केन्द्रहरुलाई जनउपयोगी, व्यवहारिक र प्रभाकारी रुपमा संचालनमा ल्याइनेछ ।

२२. विद्यालयस्तरमा खेलकुद गतिविधिलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२३. आवश्यकताका आधारमा छोटो अवधिका तालिमहरु, लोकसेवाका तयारी कक्षाहरु साथै कक्षा ८, ९ र १० मा अंग्रेजी, गणित, विज्ञान र स्वास्थ्य विषयको अतिरिक्त कक्षा(कोचिङ क्लास) सञ्चालन गर्ने नीति लिइनेछ ।

२४. उच्च शिक्षा अध्यापन गराइने कलेजहरुलाई प्रोत्साहन तथा आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

२५. बालबालिकाहरुलाई सिकाइका लागि अन्वेषणात्मक नमूना प्रयोगशाला स्थापना गरिनेछ ।

२६. सार्वजनिक शिक्षा सबलीकरण दशक(२०७६।२०८६) लाइ सफल पार्न सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक, प्रशासनिक, कानुनी लागायतका विविध पक्षमा आवश्यक परिमार्जन तथा सुधार गरिने छ ।

२७. आर्थिक रुपमा कमजोर र विद्यार्थी संख्या बढी भएका विद्यलायहरुमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शैक्षिक सामग्री वितरण कार्यकम संचालन गरिनेछ ।

२८. विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

२९. स्थानीय स्काउट र नेपाल रेडक्रससंग कार्यक्रम संचालन गरि कार्यान्वयन गरिनेछ ।

**२.स्वास्थ्य**

१. स्वास्थ्य संस्था Minimum Service Standard (MSS) निर्धारण सुनिश्चितता गर्ने नीति ल्याइनेछ ।

२. नवजात÷बाल तथा मातृ मृत्युदर न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।

३. आखाँ उपचार केन्द्र स्थापना गरिनेछ ।

४. जन्मजात अपाङ्गता भएका र दुर्घटनाका कारण अंगभंग भई असहज जीवनयापन गरिरहेकाहरुको हर सम्भव उपचार र पुनस्थापन गर्न आवश्यक कार्य गरिनेछ ।

५. आर्थिक सहायता कोष स्थापना गरिनेछ साथै सहयोगी संघ संस्थाहरु लगायत मनकारी व्यक्तिहरुको सहयोगमा कोषमा रकम जम्मा गर्न सकिने व्यवस्था गरिनेछ ।

६. डिलासैनी १० शैय्या अस्पतालबाट २४ घण्टा आकस्मिक तथा चिकित्सकिय सेवा प्रवाह गर्नुका साथै टोल टोलमा डाक्टर कार्यक्रम बनाई लागु गरिनेछ ।

७. एक्सरे सेवा, प्रयोगशाला सेवा, USG सेवा प्रवाह गरिनेछ ।

८. गर्भावस्था मै अपाङ्गता पहिचान (१८-२१ हप्ताभित्र Anomaly Scan) गर्न जिल्ला अस्पताल बैतडी र डडेल्धुरा अस्पतालसँग सहकार्यमा रेडियोलोजी सेवा प्रवाह गरिनेछ । उक्त प्रकारका गर्भवती महिलाहरुलाई यातायातको व्यवस्था गर्ने नीति ल्याइनेछ ।

९. कुपोषित र अपाङ्गता भएका बालबालिकासँग अध्यक्ष कार्यक्रम संचालनमा ल्याईनेछ ।

१०. संगठन सर्वेक्षण गरि दरबन्दी संरचना बमोजिम लोकसेवा आयोग कै प्रकृया अनुसार योग्यताक्रमका आधारमा उत्कृष्टता हासिल गर्ने कर्मचारी तथा स्वास्थ्यकर्मीको भर्ना छनौट तथा पदस्थापना गर्ने कार्य कार्यान्वयन गरिनेछ।

११. जन्मजात अपाङ्गता भएका वा दुर्घटना परि घाइते भएका तर उपचार पुर्याउन सक्दा कृत्रिम हात, खुट्टा वा औजार उपकरण प्रदान गर्ने तथा पुर्नस्थापना गर्न सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने नीति ल्याइनेछ ।

१२. मनोसामाजिक परामर्श सेवा संचालनमा ल्याइनेछ ।

१३. रुद्रेश्वर स्वास्थ्य चौकी र डिलासैनी स्वास्थ्य चौकीलाई चौबिस घण्टे आकस्मिक सेवा प्रदायक स्वास्थ्य संस्थाका रुपमा विकास गर्दै एक जना चिकित्सक(एमबिबिएस) सहित सेवा प्रवाह गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. रुद्रेश्वर स्वास्थ्य चौकी र डिलासैनी स्वास्थ्य चौकी मार्फत टेलिमेडिसिन सेवा, ल्याव सेवा सञ्चालन गरिनेछ ।

१५. युएसजी मार्फत सबै वडामा गर्भवती जाँच गर्न उपयुक्त तालिम तथा उपकरणको व्यवस्था गरिनेछ ।

१६. बर्थिङ सेन्टर, खोप केन्द्रहरुको पूर्वाधार निर्माण तथा गुणस्तर सुधार योजना संचालनमा ल्याइनेछ ।

१७. सबै आमा समूहहरुलाई थप जिम्मेवार एवम् प्रभावकारी बनाउन स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई विशेष प्रोत्साहन भत्ता प्रदान गर्ने नीति ल्याइनेछ ।

१८. ANC/PNC चेकजाँच तथा संस्थागत सुत्केरीका लागि घर देखि अस्पताल सम्म जान यातायात भत्ता प्रबन्ध गर्ने नीति अबलम्बन गरिनेछ ।

१९. पालिका स्तरिय १० शय्याको अस्पताल निर्माण कार्य यथाशिघ्र संचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने नीति ल्याइनेछ ।

२०. नसर्ने रोगको स्कृनिङ गरि दीर्घ रोगीहरुका लागि आवश्यक औषधी सम्बन्धीत वडाबाटै प्रदान गर्ने नीति ल्याइनेछ र दीर्घ रोगीहरुको स्वास्थ्य बिमा अनिवार्य गरिनेछ ।

२१. महिला स्वास्थ्य स्वयंसेविकाका लागि आवश्यक सामग्री सहितको कोशेली झोला कार्यक्रम संचालन गरिनेछ ।

२२. बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिइनेछ । साथै विशेष अनुदानका लागि सम्बन्धीत निकायसँग पहल गरिनेछ ।

२३. निर्माण सम्पन्न भई सकेका सबै आधाभूत स्वास्थ्य सेवा केन्द्र र बर्थिङ सेन्टरहरुमा औषधी उपकरण तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२४. स्वस्थ जीवनशैनी, पोषण, शारिरीक व्यायम, योगभ्यास, पञ्चकर्म लगायतका जन स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।

डिलासैनी गाउँपालिका

२५. स्वास्थ्यकर्मीहरुलाई SBA लगायत विभिन्न क्षमता अभिवृद्धि तालिम कार्यकमहरु संचालन गरिनेछ ।

**३.खानेपानी तथा सरसफाई**

१. सार्वजनिक शौचालयको स्थापना गरिनेछ ।

२. एक घर एक धाराको सरकारी नीतिलाई गाउँपालिकाको हकमा समेत आत्मसात गर्दै जाने नीति लिईनेछ ।

३. सामुदायिक विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री शौचालयको अवधारणा कार्यान्वयन गरिनेछ ।

४. आवश्यकताका आधारमा विद्युतीय लिफ्टिङ खानेपानी योजना सञ्चालन गर्ने नीति लिइनेछ ।

५. वास इकाइको सुदृढीकरण तथा NWASH र विकास साझेदार संस्थाहरुले सूचीकृत गरेका पानीका मुहानको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्ने नीति लिइनेछ ।

६. जिविकोपार्जन, सुशासन लागायतका क्षेत्रमा विकास साझेदार संस्थाहरुले पुर्याएको महत्वपूर्ण योगदानको सम्मान गर्दै पानीका मुहान पहिचान सूचीकरण तथा मर्मत कार्यका लागि प्राथमिकरणमा रहेका खानेपानीका आयोजनाहरुको कार्य अगाडि बढाउने नीति अबलम्बन गरिनेछ ।

**४.महिला, बालबालिका, जेष्ठ नागरिक तथा शहिद परिवार**

१. एकल महिला उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ ।

२. गणतन्त्र स्थापनाका लागि सहादत प्राप्त गर्नुहुने महान शहिदहरुका परिवारहरुलाई सम्मान स्वरुप मासिक रु. ३०००।(अक्षरेपी रु तीन हजार मात्र।) सम्मान भत्ता दिने कार्यकमलाई निरन्तरता दिइनेछ ।

३. अध्यक्षसँग ज्येष्ठ नागरिक स्वास्थ्य कार्यकम संचालन गरिनेछ ।

४. ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५. एकल महिला तथा दलित महिलाका लागि अनिवार्य निःशुल्क स्वास्थ्य बीमा कार्यकम मापदण्ड बनाइ लागु गरिनेछ ।

६. महिलाहरुको क्षमता अभिबृद्धि र आयमा बृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

७. लैंगिक हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोक्न शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
८. महिनावारीका बखत गरिने छुवाछुत, बालविवाह तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभियान संचालन गरिनेछ ।
९. प्रत्येक गाउँ टोलमा असल आमा समूह गठन गरि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. बाजेको अर्ती कार्यक्रम सञ्चालन गरि ज्येष्ठ नागरिकका अनुभवहरु आत्मसात गर्दै समृद्ध डिलासैनी निर्माण गर्ने नीति लिइनेछ ।
११. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुल प्रवाहिकरण रणनीति निर्माण गर्ने नीति लिइनेछ ।

**५.बालबालिका**

१. बालबालिकालाई सबै किसिमका दुर्व्यवहार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक पहल गरिनेछ ।
२. बालमैत्री स्थानीय तह निमार्ण गर्न आवश्यक पहल गरिनेछ ।
३. टुहुरा बालबालिकाहरु, जन्मजात अपाङ्गता वा दुर्घटनामा परि अंगभंग भएका व्यक्तिहरुको लगत संकलन गरि पुनःस्थापनाको कार्य सञ्चालन गर्ने नीति लिइनेछ ।
४. प्रत्येक गाउँ टोलमा बाल क्लब गठन गरी बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**७.युवा तथा खेलकुद**

१. एक गाउँपालिका एक खेलमैदान कार्यक्रम अन्तरगत हरिनगर खेलमैदानलाई सुविधा सम्पन्न रंगशाला निर्माण गरिनेछ । निर्माण गरिएका सबै खेलमैदानहरुको संचालन तथा संरक्षण गर्ने नीति लिइनेछ ।



डिलासैनी गाउँपालिका

२. पालिका स्तरिय नमूना युवा संसद संचालन गर्ने र स्काउट, रेडकस जस्ता स्वयंसेवी संस्थाहरुका कार्यकमहरु सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

३. स्वयंमसेवक युवा सञ्जाल गठन गरि युवाहरुलाई परोपकारी तथा लोककल्याणकारी कार्य गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. युवा उद्यमीहरुका निमित्त आवश्यकताका आधारमा उद्यमशीलता विकास तथा वित्तीय साक्षरता सम्बन्धी तालिम सञ्चालन गरिनेछन ।

५. लागुपदार्थ दुव्यशनी न्यूनीकरण नागरिकता, मतदाता तथा घटना दर्ता, संविधानको कार्यान्वयन, सडक दुर्घटना न्यूनीकरण, सडक नाटकका लागि युवा परिचालन सम्बन्धी विशेष कार्यकम सञ्चालन गरिनेछ ।

६. अधिकारसँगै कर्त्तव्य बोध गराउन समाजका लागि युवाको एक दिन कार्यकम सञ्चालन गरिनेछ ।

७. असल आमा समूह, दलित सशक्तिकरण, युवा समिति, खेलकुद विकास समिति, स्काउट, युवा स्वयंसेवक, सद्भावनादूत द्वारा गरिएका असल कार्यहरुका लागि धन्यवाद दिंदै भोलिका बिहानीहरुमा थप उर्जा सहित सामाज रुपान्तरण र विकासका लागि सुदृढ र एकिकृत एवम् स्रोत साधन र प्रविधि सम्पन्न बनाउने नीति अवलम्बन गरिनेछ ।

८. अध्यक्षसँग युवा कार्यकम संचालनमा ल्याइ युवाहरुमा रहेको बहुआयामिक प्रतिभालाई प्रस्फुटन गरि विकासका लागि हातेमालो कार्यकम संचालनमा ल्याइनेछ ।

९. प्रत्येक वर्ष पालिका स्तरिय अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

१०. Youth Talent Hunt कार्यक्रम संचालनमा ल्याईनेछ ।

११. Dilasaini Idol कार्यक्रम संचालन गरिनेछ ।

१२. राष्ट्रपति रनिङ्ग शिल्ड प्रभावकारी र परिणाममुखी बनाउन खेलकुद विकास समितिलाई सुदृढ बनाउदै लगिने नीति ल्याईनेछ ।

घ) **भौतिक पूर्वाधार क्षेत्र**

१. चौलानी नदी शुद्धता अभियान कार्यक्रम संचालन गरिनेछ ।

२. पालिका स्तरमा एक साझा विहेघर र प्रत्येक वडा स्तरमा एक साझा विहे घर निर्माण गरिनेछ ।

३. सेटीगाउँ मावि र सरस्वती मावि लाई पालिका नमूना विद्यालय घोषणा गरि कार्यान्वयन गरिनेछ ।

४. बस्ती, टोल, समुदाय, वडाबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माणमा जोड दिइनेछ ।

५. गाउँपालिका केन्द्र देखि सबै वडा कार्यालय जोड्ने सडकहरुलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्राथमिकता दिईने छ ।

६. देउझाडी, सेरा, नगराउँ, डिलासैनी, मठैराज, हाट सडक आयोजनालाई राष्ट्रिय राजमार्गबाट गापा केन्द्र धामीगाउँ जोड्ने पालिकाकै गौरवको आयोजनाका रुपमा विकास गरिनेछ । राष्टिय राजमार्ग देखि गापा केन्द्र जोड्ने सडक निर्माण गर्न पहल गरिनेछ ।

७. मुख्या बसबिसौनीहरुमा यात्रु प्रतिक्षालय निमार्ण कार्यक्रम संचालन गरिनेछ ।

८. नमूना माविका रुपमा संचालित दुर्गा मावि सिमारमा इन्जिनियरिङ संकायमा अध्ययनरत विद्यार्थीहरुको दक्षता विकासका लागि गापा द्धारा संचालित विकास आयोजनाहरुसँग सहभागी गराइनेछ ।

९. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य यसै आर्थिक वर्षमा शुरु गरिनेछ ।

१०. १० शैय्याको अस्पताल निर्माण कार्य यथाशीघ्र संचालन गरिनेछ ।

११. विद्युतीकरणमा विशेष जोड दिइनेछ ।

१२. डिलासैनी गाउँपालिका भित्र निर्माण हुने सबै घरहरुको नक्सा पास गरी भुकम्प प्रतिरोधि बनाउने नीति लिईने छ ।

१३. गाउँपालिका भित्र लागत सहभागिताका योजनाहरु संचालनमा प्राथमिकता दिइनेछ ।

१४. प्राविधिक कर्मचारीहरुका लागि पुनःताजगी तथा अभिमुखिकरण तालिमहरु संचालनमा ल्याइनेछ ।

१५. समयावधि भित्र गुणस्तरिय कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।

१६. भू उपयोग योजना अनुसार एकिकृत बस्ति विकास गर्ने ।

१७. डिलासैनी गाउँपालिकामा तपसिल बमोजिमका सडकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

- सरस्वती मावि देखि  नानरा रामाला हुँदै गापा केन्द्र जोड्ने सडक
- सिमार खडीखान सप्यविप्या हुँदै पुचौंडी सडक
- द्वारी कालापानी ओडेढुङ्गा ठट्या हुँदै पुचौंडी सडक
- नुवाकोट धन्नाशी हुँदै पुचौंडी सडक
- पंचायतघर कफल्टा तेलीगाउँ जमाडी रिम सडक
- नेगाउँ पाडी खौलाबजार दोगडाकेदार सडक
- Track Open भएका सबै सडकको स्तरोन्नती गरिनेछ ।

**१.उर्जा र वैकल्पिक उर्जा**

१. डिलासैनी गाउँपालिका भित्र रहेका नदी तथा खोलाहरुमा लघु जलविद्युत उत्पादनका लागि सम्भाव्यता अध्ययन गरि आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

२. वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३. गापालाई धुँवा रहित क्षेत्र घोषणा तथा नवीकरणीय उर्जामा महिलाको पहुँच वृद्धि गर्नका लागि घरभित्रको धुवाँमुक्त अभियानलाई सफल बनाउन आधुनिक सुधारिएको चुलोको आवश्यक प्रबन्ध गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१. संगठन संरचना प्रतिवेदन कार्यान्वयन गरिनेछ ।

२. आन्तरिक नियन्त्रण प्रतिवेदन कार्यान्वयनमा ल्याइनेछ ।

३. डिलासैनी Data Bank(DDB) – For Profiling को अवधारणा कार्यान्वयन गरिनेछ ।

४. परिमाण, गुणस्तर, क्षमताका आधारमा प्राकृतिक स्रोत तथा मानव जनशक्तिको अभिलेखिकरण (Resource Mapping – In the form of quantity, quality, Potentiality) गरि आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

५. दिगो विकासको लागि अल्पकालीन मध्यकालीन र दीर्घकालीन योजना तयार गरी(Detail Project Bank) कार्यान्वयन गरिनेछ ।

६. दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण र आन्तरिकीकरण गरि कार्यान्वयन गरिनेछ ।

७. Public Private Partnership(PPP) सार्वजनिक निजि साझेदारीमा सामाजिक विकासका कार्यहरु संचालन गरिनेछ ।

८. सामाजिक परिक्षण कार्य गरिनेछ ।

९. विकास साझेदार संघ/संस्था तथा निकायहरुसँग सहकार्य, सहलगानी गर्ने नीति अबलम्बन गरिनेछ ।

१०. अध्ययन, अनुसन्धान तथा तालिम केन्द्र स्थापना गरिनेछ ।

## १. सार्वजनिक जग्गा संरक्षण

१. गाउँ क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । ऐलानी/प्रर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ। साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिनेछ। सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ।

## ३. सूचना प्रविधि तथा सञ्चार

१. डिलासैनी एफ.एम. ९६.८ मेगा हर्जबाट प्रशारण गरिनेछ।

२. डिलासैनी आवाज नामक पत्रिका संचालनमा ल्याइनेछ।

३. Dilasaini Development Dialogue कार्यक्रम संचालन गरिनेछ ।

४. Youtube, TV, Online and Press Meet जस्ता कार्यक्रम संचालनमा ल्याईनेछ ।

५. गाउँपालिकाका सबै वडा, सामुदायिक विद्यालय, स्वास्थ्य चौकीहरुमा २ वर्ष भित्रमा अप्टिकल फाइवर सहितको इन्टरनेट सेवा विस्तार गरिनेछ।

६. सूचना प्रविधि उपकरणको व्यवस्था जस्तै दैनिक काममा उपयोग हुने उपकरणहरु कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, सर्भर खरिद तथा जडान गरिनेछ।

७. इन्टरनेट तथा इन्ट्रानेट जडानः सामुदायिक सूचना केन्द्रहरु स्थापना, सेवा प्रदायकसँगको सहकार्यमा गा पा तथा वडाको बिचमा इन्टरनेट तथा इन्ट्रानेट जडान तथा सञ्जाल विस्तार गरिनेछ।

डिलासैनी गाउँपालिका

८. सर्वसाधारण तथा सेवाग्राहीको पहूँच हुने गरि निःशुल्क वाईफाई क्षेत्रको स्थापना गर्ने नीति ल्याइनेछ।

९. कार्यालयले प्रदान गर्ने सेवा सूचना जानकारी गतिविधि प्रगति आदि सामग्री नियमित रुपमा वेबसाइट मार्फत नियमित अद्यावधिक गरिनेछ ।

१०. गाउँपालिकाका अधिकांश क्षेत्रमा गुणस्तरिय दुरसञ्चार सेवा प्रवाहका लागि 4G टावर निर्माणका पहल गरिनेछ ।

११. सुरक्षाका दृष्टकोणले सम्वेदनशील बजार क्षेत्र, राष्ट्रिय राजमार्ग, मेला पर्व हुने स्थलहरु लगायतमा पनि CCTV जडान कार्य गरिनेछ ।

१२. सिसिटिभी क्यामेराको जडान तथा प्रयोग गरी कार्यालय भित्र तथा बाहिर भएका गतिबिधिहरुमा निगरानि राख्ने तथा सेवाग्राहीको चाप व्यवस्थापन गरिनेछ ।

१३. स्थानीय तहहरूका कर्मचारी र पदाधिकारीहरुको लागि कम्प्युटर संचालन सम्बन्धी आधारभुत तालिम गरिनेछ ।

१४. ड्रोन मार्फत गाउँपालिकाका सबै घरधूरीको जिआइएस अनुसार डिजिटल म्यापिङ गरि तथ्याङ्क अद्यावधिक गरिनेछ।

१५. Free Hot Line संचालनमा ल्याइनेछ।

**४.राजस्व सम्बन्धी नीति**

१. एकीकृत सम्पत्ति कर र व्यवसाय कर यसै आ.व.को शुरुदेखि लागु गरिनेछ। करबाट संकलित रकम सम्बन्धित वडाकै विकास निर्माणमा खर्च गर्ने नीति लिईनेछ।

२. आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिने नीति लिइनेछ।

३. कर नै समृद्धिको भर भन्ने मूल नाराका साथ गाउँपालिकाभित्र संकलन हुने कर राजस्वलाई विद्युतिय माध्यमबाट संकलनको व्यवस्था मिलाइ कर राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ ।

४. राजस्व प्रशासनलाई चुस्तदुरुस्त बनाइ कराधारको संरक्षण गरि करको दर भन्दा दायरा फराकिलो बनाउदै कर चुहावटलाई नियन्त्रण गरिनेछ। साथै गाउँपालिकाबाट हुने सबै भुक्तानी विद्युतिय माध्यमबाट गरिनेछ ।

५. आर्थिक तथा राजस्व प्रशासनलाई सबल सक्षम र चुस्त बनाउनका लागि विशेष व्यवस्था गरिनेछ।

गाउँपालिकाले तपसिल बमोजिमका कर तथा शुल्कहरु निर्धारण गरि कार्यान्वयन गरिनेछ ।

घरजग्गा रजिष्ट्रेशन शुल्क

सवारी सधान कर

प्राकृतिक स्रोत कर

विज्ञापन कर र मनोरन्जन कर

६. सात वटै वडा र पालिकामा राजस्व संकलन केन्द्र स्थापना गरि कार्यान्वयन गरिनेछ ।

**५. पेश्की/बेरुजु फछ्यौट सम्बन्धी नीति**

१. हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइनेछ ।

२. पुरानो पेश्की, बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्ब पेश्की फछ्यौट गराउन आवश्यक पहल गरिनेछ ।

३. असुलउपर बेरुजुका लागि निर्ममता पूर्वक कानुनी उपचार गर्ने नीति अनुरुप कार्य हुनेछ ।

**७. भ्रष्टाचार निवारण कार्ययोजना**

१. गाउँ कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिनेछ ।

२. सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकुलको व्यवहार गर्दै लगिनेछ ।

३. डिलासैनी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय र यस अन्तरगतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय गाउँपालिका बनाउन चालु आ.व. देखि नै आवश्यक कार्यको थालनी गरिनेछ ।

४. कार्यालयको उजुरीपेटिका मार्फत उजुरी गुनासाहरुलाई हप्ताको एक पटक फछ्यौट गर्दै जाने नीति लिईनेछ ।

५. गाउँ कार्यपालिका कार्यालयमा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी नागरिक बडापत्र राखिनेछ ।

६. गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट गाउँपालिका भित्रको बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

डिलासैनी गाउँपालिका

## ८. कर्मचारी प्रशासन

१. शैक्षिक योग्यता, कार्यक्षमता तथा कार्यअनुभवको मूल्याङ्कनका आधारमा कर्मचारीहरुको जिम्मेवारी हेरफेर गर्ने नीति अबलम्बन गरिनेछ ।

२. समान तह समान तलबमानको नीति अबलम्बन गरिनेछ ।

३. सेवा प्रदायक सबै संघसंस्था तथा कार्यालयहरुको नियमित अनुगमन, मूल्याङ्कन र कार्यसम्पादन कार्यलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

४. कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५. कर्मचारीलाई सेवा प्रति लगनशील र कर्त्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइनेछ ।

६. डिलासैनी गाउँपालिका भित्र काम गर्ने कार्यरत करार कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको शुरुवात गरिनेछ ।

७. सेवा प्रवाहमा जवाफदेहिता, पारदर्शिता सुशासन कायम गरिनेछ यसका लागि रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाहमा जोड दिइनेछ, नियमित सार्वजनिक सुनुवाईको व्यबस्था गरिनेछ ।

८. मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ । गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा समेत गुनासो संयन्त्र निर्माण गरिनेछ ।

९. स्थानीय तहका कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधाको व्यवस्थापनका लागि कर्मचारी कल्याणकारी कोष स्थापना गरिने नितिलाइ निरन्तरता दिइने छ ।

१०. कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, भ्रमण आदिको व्यवस्था गर्ने नीति लिइनेछ ।

११. अन्तर पालिको सहअस्तित्व, सहकार्य, समन्वय, आधारमा सार्वजनिक शिक्षाको सवलिकरण गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह, सामाजिक विकृति तथा विसंगतीको अन्त्य, रोजगारीका नयाँ अवसरको सृजना, सडक सञ्जाल, विद्युतीकरण, सञ्चार लगायतका बहुआयामिक पक्षहरुको सुधारका लागि साझेदारीका लागि अनुभव आदानप्रदानको नीति अवलम्बन गरिनेछ ।

डिलासैनी गाउँपालिका

**९.न्यायिक कार्य सम्बन्धी व्यवस्था**

१. न्यायिक कार्यलाई नियमन तथा व्यवस्थित गरिनेछ।

२. विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, गैरविभेदकारी बनाउने प्रयास गरिनेछ।

३. गाउँपालिकाले न्याय निरुपण गर्ने विषयहरुको जानकारी गर्न प्रत्येक वडामा न्यायिक अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ।

४. न्यायिक समिति मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

५. प्रत्येक वडा कार्यालयमा स्थापित मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि सेवा सुचारु गरिनेछ।

६. माध्यमिक तहसम्मका विद्यालयहरुमा किशोरा अवस्थाका बालबालिकाहरुलाई लक्षित गरि न्यायिक अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

७. न्यायिक समिति र मेलमिलाकर्ताहरुको क्षमता अभिवृद्धि कार्य गराईनेछ ।

८. मेलमिलापकर्ताहरुलाई सूचिकृत गरी मेलमिलापकर्तालाई प्रभावकारी बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**१०. रोजगार कार्यक्रम**

१. न्यूनत्तम दिनमा ८ घण्टा र हप्तामा ४० घण्टा उत्पादनमूलक कार्यमा सक्रियतापूर्वक संलग्न गराउने नीति अवलम्बन गर्दै आयका स्रोतहरु वृद्धि गर्ने र कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने कार्यक्रम संचालन गरिनेछ ।

२. उत्पादनका आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

३. वित्तीय संस्था तथा सहकारीहरु मार्फत युवा उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराई व्यवसायिक कार्ययोजना नै धितो रहने गरि पालिका अध्यक्षको रोहवरमा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ।

सिम्लैनी गाउँपालिका

४. बैदेशिक रोजगारीबाट स्वदेश फर्किएका दक्ष तथा अर्धदक्ष युवाहरुको सिप हस्तान्तरण एवम् उपयोगबाट नयाँ रोजगारी सृजना गर्ने नीति अबलम्बन  गरिनेछ ।

५. रोजगार शाखा मार्फत सिप विकास तथा परामर्श कार्य संचालन गरि सुरक्षित रोजगारीको अवसर प्रदानका लागि पैरवी गर्ने नीति लिइनेछ ।

६. गाउँपालिकाबाट संचालन हुने प्रत्येक विकास निर्माणका कार्यहरुमा बेरोजगार सूचीमा सूचीकृत श्रमिकहरुलाई प्राथमिकता दिईनेछ ।

**आदरणीय सदस्य महानुभावहरु**

जनता विकासको व्यग्र पतिक्षामा छन । सिमित श्रोत साधन कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटा समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । एकातिर संघियता संस्थागत भइसकेको छैन भने अर्कातिर दरबन्दी अनुसार दक्ष कर्मचारी समेत पुर्णता नपाएको अवस्था छ । सकारात्मक पक्षहरुलाइ व्यवहारमा लागु गर्दै समृद्ध र समुन्नत डिलासैनी निर्माणका लागि हामीले सुशासन सहितको तिव्र आर्थिक बृद्धि र दिगो विकास प्राप्त गर्नैपर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाइ प्रत्यक्ष परिवर्तनको अनुभुति गराउन सकेमा मात्र संघिय शासन व्यवस्था संस्थागत भइ लोकतन्त्र सुदृढ हुन सक्छ ।

डिलासैनी गाउँपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम डिलासैनीवासी जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, कर्मचारी संयन्त्र, संचारकर्मी सबै निस्वार्थ ढंगले लागि परौं भन्ने यसै गाउँसभामार्फत आम डिलासैनीबासीमा हार्दिक अपील गर्दै सबैमा धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु । नमस्कार ।

धन्यवाद

सन्तोष प्रकाश जोशी
अध्यक्ष



डिलासैनी गाउँपालिका